## सामाजिक न्यायमा आधारिक आर्थिक वृद्धिमा सहयोग

कार्यक्रमका जिल्लाहरूमा दिगो उपलब्धि हासिल गर्न र कार्यक्रमका उद्देश्य प्राप्तिका लागि कार्यक्रम क्षेत्रभित्र कार्यान्वयन विधि तथा गतिविधि रेखांकन गरिएका छन् । यसका उदाहरणहरूः

- नेपाल सरकार अर्थ मन्त्रालय र नेपाल उद्योग वाणिज्य महासंघ (FNCCI) लाई युवा तथा साना उद्यम स्वरोजगार कार्यक्रम (YSEP) संचालनार्थ जिल्लाहरूमा उद्योग वाणिज्य संघ र अन्य सम्भावित प्रशिक्षकहरूलाई उद्यम विकाससम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम (TOT) संचालन गर्ने । सहभागीहरू बैंकले लगानी गर्न सक्ने व्यवसायिक योजना विकास गर्न युवा तथा साना उद्यम स्वरोजगारी कार्यक्रम (YSEP) कोष अन्तर्गत दर्ता भएका व्यक्तिहरूका लागि तालिम दिन सक्षम हुने छन् ।
- स्थानीय उद्योग वाणिज्य संघ र औद्योगिक उद्यमीहरूको तहमा वान स्टप स्टार्टर सप (OSSs) स्थापना गरेर व्यापारको थालनी र थालनीपछि सहयोग दिईनेछ । OSSs ले सरकारी नीतिनियम र दर्ता प्रक्रियाका साथै सान्दर्भिक फाराम तथा व्यापार विकास सेवासम्बन्धी सूचना उपलब्ध गराउँछ । यसबाहेक, यसले उद्यमीहरूलाई कस्ता खालका वित्तीय सेवाहरू उपलब्ध छन् र कहाँबाट यस्ता सेवाहरू लिन सकिन्छ भन्ने सल्लाह दिन्छ ।




- चयन गरिएका धेरै जिल्लाहरुमा मह, डेरी र अदुवालाई रोजगारी र आय आर्जनको राम्रो सम्भावना भएका क्षेत्रहरु मध्येका प्रबल सम्भावित क्षेत्रका रुपमा पहिचान गरिएको छ । यसका निम्ति यहाँ उत्पादन, प्रशोधन र बजारीकरणमा सहयोग पुऱ्याउन प्रवर्द्धन गर्ने साथै उत्कृष्ट अभ्यासलाई अभिलेख गरी अन्य क्षेत्रहरुमा प्रचार प्रसार गरिन्छ । क्षेत्रगत संवादः जस्तै माहुरी पालक किसान र वन उपभोक्ताबीच



माहुरीको आप्रवासन, चरणबारे स्थानीय स्तरमा व्यवसायका लागि सहयोगी वातावरण सिर्जनाका निम्ति संवाद गरिन्छ । सम्बद्ध साझेदारहरूले नीतिगत विषयमा आफ्नो क्षेत्रबारे छलफल गर्छन् र केन्द्रीय स्तरको नीतिगत संवादका निम्ति आफ्ना सुझाव पठाउँछन् ।

## भविश्यका निम्ति साझा दृष्टिकोणको विकास

स्थानीय साझेदारहरूलाई उनीहरूको जिल्लाको साझा दृष्टिकोण बनाउनका निम्ति सहयोग गरिन्छ । विस्तृत रणनीतिक योजना अन्तर्गत उनीहरूले आफ्नो जिल्लाको आर्थिक-सामाजिक स्थिति र समग्र जिल्लावासीको जीवनस्तर उकास्नेबारे साझा दृष्टिकोण बनाउँछन् । क्षेत्रीय विकासका अवसरमा साझा विचार, विभिन्न साझेदारबीचको सहयोगका साथै सार्वजनिक क्षेत्रबाट हुनुपर्ने अपेक्षित कामबारे छलफल गरिन्छ । यस्तो अन्तरक्रियामार्फत् जिल्लाका साझेदारहरूले व्यापार र लगानीका निम्ति सहज वातावरण निर्माण गर्न सहयोग गर्छन्, जहाँ समाजको सबै वर्गका निम्ति आय आर्जनका अवसर उपलब्ध हुन्छन् ।



Deutsche Gesellschaft für
Technische Zusammenarbeit (GTZ) GmbH

- जर्मन प्राविधिक सहयोग -

समावेशी आर्थिक विकास कार्यक्रम (इन्क्लुड)
नारायणी कम्प्लेक्स, चौथो तल्ला
पुल्चोक, ललितपुर,
पो.अ.बक्सः १४५७, काठमाडौं/नेपाल
टेलिफोनः ९७७-१-५५५५२८९
फ्याक्सः ९७७-१-५५२१७१२
इमेलः include@gtz.org.np
वेबः www.includenepal.org

# सामाजिक रुपमा सन्तुलित आर्थिक विकास प्रवर्द्धन









समावेशी
आर्थिक
विकास
(इनक्ल्यूड)

## पृष्ठभूमि

समावेशी आर्थिक विकास (इनक्ल्यूड) कार्यक्रम नेपाल सरकार उद्योग मन्त्रालय र जर्मन विकास सहयोग (जी.टी.जेड.) द्वारा संयुक्त रुपमा संचालित नेपाल सरकार र संघीय गणतन्त्र जर्मनीको सहयोग आयोजना हो । यस कार्यक्रमको उद्देश्य सर्वसाधारणको जीवनमा शान्ति स्थापना तथा वेरोजगारी, गरिबी र असमानता न्यूनिकरणमार्फत् उनीहरूको जीवनमा परिवर्तन ल्याउने नेपाल सरकारको प्रयासलाई सहयोग गर्ने हो ।



अन्य प्रमुख साझेदारहरूमा नेपाल सरकार अर्थ मन्त्रालय, स्थानीय विकास मन्त्रालय, कृषि तथा सहकारी मन्त्रालय, नेपाल उद्योग बाणिज्य महासंघ (FNCCI) र उसका क्षेत्रीय संस्थाहरू, औद्योगिक उद्यम विकास संस्था (IEDI), नेपाल बैंकर्स एसोसियसन, जिल्ला विकास समितिहरू (जि. वि. स.), सहकारीहरू र बैंक तथा वित्तीय संस्थाहरू छन् ।

नेपाल सरकार उद्योग मन्त्रालयले राष्ट्रिय स्तरमा केन्द्रीय संचालक समितिलाई नेतृत्व प्रदान गर्छ । थपमा हाम्रो कार्यक्रमले संचार र जिल्लाका साझेदारहरूले संचालन गरेका संयुक्त कार्यक्रमहरुमा सहयोग गर्दछ । जिल्ला स्तरीय साझेदाहरू सार्वजनिक क्षेत्र, निजी क्षेत्र र नागरिक समाजका प्रतिनिधिहरु हुनेछन् ।

## उद्देश्य

**सन्तुलित एवं सामाजिक रुपमा न्यायपुर्ण आर्थिक बृद्धिका लागि चुनीएका क्षेत्रहरुका संरचनागत अवस्थामा सुधार गर्ने ।**

## विधि

नेपालको जटिल आर्थिक स्थितिका कारणहरू, आर्थिक रुपले मात्र प्रभावित नभै सामाजिक र राजनैतिक पक्षद्वारा समेत प्रभावित छन् तसर्थ हाम्रो कार्यक्रममा वहुस्तरमा काम गरिरहेका तीन घना, अन्तरनिर्भर क्षेत्र रहेका छन्:

### आर्थिक विकास र शान्ति स्थापनाका लागि सार्वजनिक निजी संवाद (पिपिडी):

पहिलो क्षेत्रको उद्देश्य सार्वजनिक तथा निजी क्षेत्रका साथै नागरिक समाजलाई सम्भावित द्वन्द्व न्यूनिकरण र शान्ति स्थापनाका क्षेत्रमा संलग्नता बढाउनु हो । जिल्ला स्तरीय पिपिडीले स्थानीय मुद्दाको पहिचान गरी त्यसलाई राष्ट्रिय तहमा लैजान अनुमति दिन्छ । त्यसकारण, सार्वजनीक, निजी क्षेत्र तथा नागरिक समाजका साझेदारको सञ्चार, द्वन्द्व व्यवस्थापन र शान्ति स्थापनाको क्षमता विस्तारले महत्वपूर्ण भूमिका खेल्छन् ।



### स्थानीय तथा क्षेत्रीय आर्थिक विकास (एलआरईडी):

यस क्षेत्रले विकास तथा सर्वप्रथम चयन गरिएका जिल्लाहरुमा स्थानीय तथा क्षेत्रीय आर्थिक विकास प्रवर्द्धन गर्ने कार्यक्रमलाई कार्यान्वयन गर्ने काम गर्दछ । यी उपायबाट क्षेत्रीय र स्थानीय आर्थिक सम्भाव्यता विशेषत: वञ्चित समूहहरूलाई परिचालन गर्न सहयोग पुऱ्याउँछ । स्थानीय साझेदार संस्थाहरूले संचालन गरेका क्रियाकलापहरू जस्तै - मूल्य श्रृङ्खला (value chain) परियोजना, सार्वजनिक निजी संवादमार्फत् थप उर्जा (सिनर्जी) सिर्जनाका अवसर र लक्षित समूहको वित्तीय सेवामा पहुँच ।



### वित्तीय सेवामा पहुँच:

ग्रामीण क्षेत्रमा विशेषत: लघु, साना तथा मझौला उद्यमहरु (MSMEs) का निम्ति वित्तीय सेवाको पहुँच सबैभन्दा ठूलो अवरोधका रुपमा रहेको छ । यो तत्वले कार्यक्रम जिल्लाहरूमा लघु, साना तथा मझौला उद्यमहरुका लागि वित्तीय विकल्पको प्रवर्द्धन गर्दछ । विशेषत: मूल्य श्रृङ्खला (value chain) मा पहिचान गरिएका उद्यमी र कर्ताहरूलाई विद्यमान सार्वजनिक कोष तथा वित्तीय सेवाहरूमा थप पहुँचका लागी सहयोग दिइन्छ । यसबाहेक, स्थानीय वित्तिय संस्थाहरूसँग मिलेर नयाँ वित्तीय सेवाको विकास गरिनेछ, जुन लक्षित समूहहरूको खास आवश्यकता अनुसार परिमार्जित गरिएको हुनेछ ।

हाम्रो कार्यक्रमको कार्यान्वयन एकीकृत, क्षेत्रीय अवधारणामा आधारित छ । इन्क्लुड कार्यक्रम तीन क्षेत्रहरुको समग्र स्वरुप हो जसलाई एकअर्कामा जोडिएका आठ उपक्षेत्रहरुमा विभाजन गरिएको छ ।

## अवधारणा

